नेपाल सरकार
जनसङ्ख्या तथा वातावरण मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
जलविज्ञान महाशाखा
बाढी पूर्वानुमान शाखा
E-mail: floodhydrology@gmail.com, Site: http://hydrology.gov.np Tel: 01-4428236, Toll Free: 1155
Facebook Page: Nepal Flood Alert (नेपाल बाढी सूचना), Twitter: @DHM_FloodEWS (Nepal Flood Alert)

# बाढी पूर्वानुमान वुलेटिन

**जारी मिति: २४ भाद्र २०७४, बिहान ६ बजे**

## आगामी ४८ घण्टाको पूर्वानुमान

१) आज देशको मुख्यत पूर्वी भु-भागको धेरै स्थानहरुमा बादल लागि हल्का देखि मध्यम वर्षाको संभावना छ भने मध्य र पश्चीमी भु-भागमा मध्यान्ह पछी बादल लागि केही स्थानमा हल्का देखि मध्यम वर्षाको संभावना छ। भने आज राती मुख्यत पूर्वी र मध्य भु-भागमा मौसम केहि सकृय रहने पूर्वानुमान छ। (स्रोत: मौसम पूर्वानुमान महाशाखा)

२) हाल देशका सवै खोलानालामा बहाब सामान्य अवस्थामा छ र देशमा पर्सी सम्मै ठुलो बाढी जोखिम छैन। तर आज पूर्वी तराईको क्षेत्रबाट बहने खोला-नालाहरुमा बहाब उल्लेख्य बढ्ने छ।

## सर्वसाधारण तथा सरोकारवालामा सुझाव

३) देशका सवै नदीनालाहरुमा बहाब सामान्य छ। पूर्वी क्षेत्रका झापा मोरङ सुनसरी लगायत जिल्लाबाट बहने खोलानालाहरुमा आज बहाब केही बढ्ने देखिएपनि सतर्कतातह पार हुने देखिंदैन।

४) पर्सी सम्मै देशका मुख्य नदी-नालाहरुमा बहाब सतर्कत तह भनदा तलै रहने देखिन्छ। नदीतटीय क्षेत्रमा गर्नुपर्ने कार्यहरु सहजताका साथ गर्न सकिने छ।

## बुलेटिन अपडेट संबन्धि जानकारी

यस बाढी पूर्वसूचना बुलेटिन हरेक बिहान र बेलुकी ६ बजे देखि ७ बजे भित्रको अवधिमा अपडेट गरिनेछ र विभागको वेभसाइट www.hydrology.gov.np मा राखिने छ।

## थप र नियमित जानकारीको लागि निम्न कुराहरु पढ्नुहुन अनुरोध:

१) ११५५ टोल फ्री नम्बरमा असार, श्रावण, भाद्र र असोज महिनाभरी फोन गर्नुहोस र सोध्नुहोस्। यो नंवरमा फोन गर्दा तपाईलाई पैसा लाग्दैन

२) तपाई बाढी वा पहिरोको जोखिम युक्त स्थानमा वा नजिकै हनुहुन्छ भने मोबाइलमा ११५५ नंबरबाट "सतर्क रहनुहोस" भन्ने अभिप्रायको एस एम एस (SMS) पनि आउन सक्छ। यसरी प्राप्त भएको सूचना वरपरका सवैलाई जानकारी पनि गराउनुहोला!

३) तपाई मोबाइल, ल्यापटप वा कम्प्युटरमा ईन्टरनेट सेवा प्रयोग गर्ने गर्नुहुन्छ भने कृपया हाम्रो वेभसाइट: www.hydrology.gov.np भित्र गएर हेर्नुहोस। त्यहां आगामी २४ घण्टा सम्मको बाढी भविष्यबाणी अपडेट भइराखेको

हुन्छ। अनि अहिले कुन नदीमा कती बहाब छ! कहां कती पानी परिराखेको छ! भन्ने जान्न चाहीं वेभसाइटको River Watch र Rainfall Watch हेर्ने गर्नुहोला है।

४) वाढि पूर्वसूचना वा धेरै वर्षा भएको स्थानमा पहिरोको जोखिमको पूर्वसूचना पाउन नजिकैको प्रहरी कार्यालय वा जिल्ला प्रसासन कार्यालयमा समेत फोन गर्न सक्नुहुन्छ। त्यहां पनि यसवारे जानकारी गराइएको हुन्छ।

५) वर्षातको समयमा निरन्तर समाचार सुन्ने बानी पनि बसाल्नुहोला।

*नोट: तपाईको आसपासमा ठूलो पानी परिरहेको छ वा नदीमा एक्कासी बाढी आएको छ वा नदी एक्कासी सुकेको छ भने माथी दिइएको ठेगानामा फोन वा इमेल वा Facebook वा Twitter मा जानकारी पनि दिनुहोस है।*

**"कुनै पनि नदी जलाधारमा हुनसक्ने बाढी विपद्बाट आफु पनि वचौं अरुलाई पनि बचाऔं"**

**जनहितको लागि जारी**